आज मिति २०८२/०९/२८ गते सोमवारका दिन दिनको ११:०० बजे बन्दीपुर गाउँपालिका अध्यक्ष श्री सुरेन्द्र बहादुर थापाको अध्यक्षतामा बन्दीपुर गाउँपालिकाको १८ औं गाउँसभा तपशिल बमोजिमका उपस्थितिमा निम्नानुसारको निर्णय गरि सम्पन्न गरियो ।

**उपस्थिती**

| क्र.स | सहभागिको नाम | पद | संस्था | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | बन्दीपुर गाउँपालिका | | |
| २ | पद्म माया गुरुङ्ग | उपाध्यक्ष | बन्दीपुर गाउँपालिका | | |
| ३ | शिव कुमार श्रेष्ठ | वडा नं. १ वडा अध्यक्ष | बन्दीपुर गाउँपालिका | | |
| ४ | तिलक बहादुर कुँवर | वडा नं २ वडा अध्यक्ष | बन्दीपुर गाउँपालिका | | |
| ५ | परमेश्वर भट्टराइ | वडा नं ३ वडा अध्यक्ष | बन्दीपुर गाउँपालिका | | |
| ६ | दान बहादुर थापा | वडा नं ४ वडा अध्यक्ष | बन्दीपुर गाउँपालिका | | |
| ७ | ध्रुव प्रसाद लामिछाने | वडा नं ५ वडा अध्यक्ष | बन्दीपुर गाउँपालिका | | |
| ८ | बल बहादुर गुरुङ | वडा नं ६ वडा अध्यक्ष | बन्दीपुर गाउँपालिका | | |
| ९ | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | बन्दीपुर गाउँपालिका | | |
| १० | उमा घर्ती | कार्यपालिका सदस्य | बन्दीपुर गाउँपालिका | | |
| ११ | हरी माया वि.क | कार्यपालिका सदस्य | बन्दीपुर गाउँपालिका | | |
| १२ | कौशिला परियार वि.क | कार्यपालिका सदस्य | बन्दीपुर गाउँपालिका | | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | बन्दीपुर गाउँपालिका | | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | बन्दीपुर गाउँपालिका | | |
| १५ | रोशनी बराकोटी | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| १६ | डिल बहादुर राना | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| १७ | प्रेम बहादुर शाही | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| १८ | मञ्जु कामी | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| १९ | कृष्ण बहादुर घर्ति | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| २० | कुमार रोका सार्की | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| २१ | हर्क बहादुर थापा मगर | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| २२ | निर काजी आले | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| २३ | ममता राना | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| २४ | भवगती सुनार | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| २५ | रवि श्रेष्ठ | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| २६ | भिम बहादुर घले | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| २७ | रञ्जिता श्रेष्ठ राना | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| २८ | विन्दु नेपाली | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| २९ | छवि लाल गुरुङ्ग | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| ३० | निशा गुरुङ्ग | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| ३१ | भगवती वि.क. | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| ३२ | विजय राना | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| ३३ | मिन बहादुर गुरुङ | गाउँसभा सदस्य | बन्दीपुर गाउँपालिका | | |
| ३४ | कमल बहादुर के.सी | सदस्य सचिव | बन्दीपुर गाउँपालिका | | |
| | | | | | |

CamScanner

बन्दिपुर गाउँपालिका
१८औं गाउँसभाका निर्णयहरु:-

मितिः-२०८२/०९/१८

| नि.न. | विषय क्षेत्र/एजेण्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | आर्थिक बर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा। | आ.ब. ०८२/८३ मा विनियोजित गाउँपालिका स्तरीय योजना, वडागत योजना, बन्दिपुर अस्पताल तथा शाखागत कार्यक्रम संशोधन / रकमान्तर सम्बन्धमा छलफल गरि तपशिल बमोजिमका योजना र कार्यक्रमलाइ संशोधन तथा रकमान्तर गर्ने निर्णय गरियो। (विवरण तालिका न. १ मा संलग्न छ) |
| २. | करको दायरा विस्तार तथा शुल्क दस्तुर सम्बन्धमा। | आर्थिक ऐन, २०८२ मा नसमेटीएका तपशिल बमोजिमका करहरुको दायरा विस्तार गरि त्यस्ता करहरुको शुल्क तपशिल बमोजिम निर्धारण गर्ने निर्णय गरियो। (विवरण तालिका न. २ मा संलग्न छ) |
| ३. | करार कर्मचारीको म्याद थप सम्बन्धमा। | बन्दिपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, अस्पताल, स्वास्थ्य सँस्था, वडा कार्यालय, सचिवालय र बिभिन्न कार्यक्रम तर्फका सेवा करारमा कार्यरत कर्मचारीको सेवा करार म्याद २०८२ पौष मसान्त भएकोले गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, अस्पताल, स्वास्थ्य सँस्था, वडा कार्यालय, सचिवालय र बिभिन्न कार्यक्रम तर्फका सेवा करारमा कार्यरत तपशिल बमोजिमका कर्मचारीको सेवा करारको म्याद २०८३ अषाढ मसान्तसम्म थप गर्ने निर्णय गरियो। (विवरण तालिका न. ३ मा संलग्न छ) |
| ४. | बन्दिपुर गाउँपालिका, गाउँकार्य पालिकाको कार्यालय अन्तरगत रिक्त दरबन्दीहरुमा सेवा करारमा लिने सम्बन्धमा। | बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय (बन्दिपुर अस्पताल) को रिक्त दरबन्दीहरुमा सेवा करारमा लिने सम्बन्धमा बन्दिपुर अस्पताल संचालन तथा ब्यबस्थापन समितिको निर्णय अनुसार बन्दिपुर अस्पतालबाट थप सेवा बिस्तार गर्न सेवा करारमा लिन माग भई आएकोले निम्न पदहरुमा सेवा करारमा लिनको लागि बन्दिपुर गाउँपालिका गाउँ कार्यापालिकाको मिति २०८२/०९/१८ गतेको बैठकको निर्णयलाइ अनुमोदन गरियो।<br>१.) हे.अ.: एक जना (थप दरबन्दी, पालिका करार)<br>२.) स्टाफ नर्स: एक जना (थप दरबन्दी, पालिका करार)<br>३.) ल्याब टेक्निसियन: एक जना (थप दरबन्दी, पालिका करार)<br>४.) डी. फार्मेसी: दुई जना (थप दरबन्दी, पालिका करार) |
| ५. | बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकका निर्णय अनुमोदन सम्बन्धमा। | बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको आ.ब. ०८२/८३ बिभिन्न मिति २०८२/०४/१८, मिति २०८२/ ०५/०१, मिति २०८२/०५/१५, मिति २०८२/०६/०५ मिति २०८२/०६/२९ मिति २०८२/०७/२६, मिति २०८२ /०८/२२, मिति २०८२/०८/२९, मिति २०८२/०९/१४ मिति २०८२ /०९/१८ का बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो। |
| ६. | चालु आ.ब. ०८१/८२ मा भुक्तानी बाँकी रकमको चालु | चालु आ.ब. ०८१/८२ मा तपशिलमा मा उल्लेखित कारोबारहरुको रकम विविध कारणबस भुक्तानी बाँकी रहन गएकोले ती कारोबारहरुलाई चालु |

सरेन्द्र बहादुर थापा

| | | |
|---|---|---|
| | आ.ब. ०८२/८३ मा भुक्तानी दिने सम्बन्धमा। | आ.ब. ०८२/८३ मा भुक्तानी गरिएका कारोबारहरूको अनुमोदन गर्ने तथा भुक्तानी बाकि रहेका कारोबारलाई भुक्तानी गर्ने निर्णय गरियो। (विवरण तालिका नं. ४ मा संलग्न छ ) |
| ७. | नगर प्रहरी ऐन, २०७६, शिक्षा ऐन २०७५ संशोधन सम्बन्धमा। | नगर प्रहरी ऐन, २०७६ तथा शिक्षा ऐन २०७५ संशोधन सम्बन्धमा छलफल गर्दा उक्त ऐनहरुमा समसामयिक रुपमा संशोधन तथा संघीय ऐनको प्राबधानसँग नबाझिने गरि संशोधन गर्ने निर्णय गरियो। (हालको व्यवस्था र शंसोधन गर्न पर्ने विषय तालिका न. ५ मा संलग्न छ) |
| ८. | खरिद सम्झौताको अन्त्य गर्ने सम्बन्धमा। | आ. व. २०७७/७८ को मिति २०७८/०६/१२ मा यस गाउँपालिका र श्री धर्म यस् -काश्यप जे.भी.,कलंकी-१४, काठमाण्डौ बीच ने.रु. ३,६९,३४,५३०.१०/- (भ्याट र पि.एस. सहित) मा सम्झौता भएको ठेक्का Construction Of Mukundeshwori Padhmarga/Mini Great Wall (Contract ID No.: BRM/NCB/WORKS/25/2077/078) को लागि हालसम्म कुल २६.८५% भौतिक तथा उतिकै प्रतिशत वित्तीय प्रगति भएकोमा उक्त योजना थप संचालन गर्नको लागि यस गाउँपालिकामा बजेट नरहेको तथा उक्त योजना थप निर्माण सम्पन्न हुँनको लागि यस गाउँपालिकालाई आवश्यक नरहेको देखिएको हुँदा, र साथै उक्त निर्माण कम्पनीद्वारा मिति २०८२/०५/२२ मा हालसम्म सम्पन्न भएको कामको नापजाँच गरि विल भुक्तानी सहित सुविधाको आधारमा फरफारकको लागि भनि यस गाउँपालिकामा निवेदन दर्ता गरे अनुसार, सो उपर उक्त निर्माण कम्पनीले हालसम्म सम्झौता बमोजिम स्वीकार्यरुपमा सम्पन्न गरेको सम्पूर्ण कार्यहरुको ५(पाँच) वटा रनिंग विल मार्फत यस अघिनै भुक्तानी लगिसकेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ बमोजिम सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य (टर्मिनेसन वाई कन्भिनेन्स) गर्नुपर्ने देखिएको हुँदा सो निर्णय हुनुपूर्व सम्बन्धित निर्माण कम्पनिको आधिकारिक प्रतिनिधिलाई यस कार्यालयमा उपस्थित गराई हालसम्म स्वीकार्यरुपमा सम्पन्न भएको ५ (पाँच) वटा रनिंग विल बाहेक अन्य क्षतिपूर्ति (सुविस्ताको आधारमा ठेक्का सम्झौता अन्त्यको लागि निवेदन दर्ता पश्चात पनि छैंठौ रनिंग विल भुक्तानीको लागि उक्त फर्मले मिति २०८२/०५/२९ तथा मिति २०८२/०७/२५ मा निवेदन दर्ता गरेकोमा क्रमशः यस कार्यालयको मिति २०८२/०६/२६ च.नं. ४६६ तथा मिति २०८२/०९/०७ च.नं. ८६३ को पत्र मार्फत छैठौं रनिंग विलमा थप भएको कार्यको गुणस्तर नपुगेको भनि रनिंग विल पास नभएको तथा अन्य) मा सम्बन्धित निर्माण कम्पनीबाट कुनै दावी नरहने गरी प्रतिबद्धता पेश भएमा उक्त ठेक्का सुबिस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्नको लागि कार्यपालिकालाई अनुमति प्रदान गर्ने निर्णय गरियो। |
| ९. | लेखा समितिको प्रतिबेदन सम्बन्धमा। | बन्दीपुर गाउँपालिका लेखा समितिले म.ले.प. प्रतिबेदनद्वारा औल्याइएका बेरुजुहरुको फछर्यौटको लागि समितिबाट सिफारिस भई आएका दफाहरू |

थापा

| | | |
|---|---|---|
| | | उपर दफाबार छलफलद्वारा फछ्र्यौट गरि संपरिक्षणका लागि पेश गर्ने निर्णय गरियो। साथै उक्त दफाहरू तालिका नं. ६ मा संलग्न छ। |
| १०. | **गाउँ सभामा खटिने पदाधिकारी तथा कर्मचारीको भत्ता सम्बन्ध मा।** | यस बन्दीपुर गाउँपालिकाको १८ औं गाउँसभामा कार्यसम्पादन तथा थप अतिरिक्त कार्यभार बहन गरि गाउँ सभामा खटिएका तपसिल बमोजिमका कर्मचारीहरु लाई **बन्दिपुर गाउँपालिकाको तालिम, गोष्ठी, कार्यशाला, अध्ययन भ्रमण एवं पदाधिकारी तथा कर्मचारी सुविधा सम्बन्धी कार्यविधि, २०७६** अनुसार १ महिनाको खाइपाई आएको तलब बराबरको गाउँसभा संचालन भत्ता कर्मचारी पारिश्रमिक खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।<br>प्रमुख प्रशासकीय अधिकृत:- श्री कमल बहादुर के.सी.<br>लेखा अधिकृत :- श्री निरमाया पुरी गिरी<br>शिक्षा अधिकृत:- श्री भिम प्रसाद लामिछाने<br>इन्जिनियर:- श्री आशिष पोखेल<br>छैटौअधिकृत :- श्री गिर बहादुर राना<br>लेखा अधिकृत, छैटौ :- श्री गगन थापा<br>ब.प्र.सहायक :- श्री राधिका श्रेष्ठ<br>रोजगार संयोजक:- श्री शरण सिंह गुरुङ<br>सूचना प्रबिधि अधिकृत :- श्री बिशाल न्यौपाने<br>एम.आइ.एस.अपरेटर :- श्री सुरोज भट्टराई |

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CamScanner